# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १८ ] काठमाडौं, वैशाख २३ गते २०२५ साल [ अतिरिक्ताङ्क ४


श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर बिक्रम शाह देवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ –

२०२५ सालको अध्यादेश नं १ ( राष्ट्रिय पंचायत ) ( अंचल सभा प्रतिनिधित्व ) ( बोश्रो संशोधन ) ( अध्यादेश २०२५ )

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परमनेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## राष्ट्रिय पञ्चायत (अञ्चल सभा प्रतिनिधित्व) ऐनलाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावनाः– राष्ट्रिय पञ्चायत (अञ्चल सभा प्रतिनिधित्व) ऐन, २०१६ (यसपछि मूल ऐन भनिएको) लाई तत्काल संशोधन गर्न आवश्यक भएको, र

हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देवबाट नेपालको संविधानको धारा ५७ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस अध्यादेशको नाम "राष्ट्रिय पञ्चायत (अञ्चल सभा प्रतिनिधित्व) (दोस्रो संशोधन) अध्यादेश, २०२५" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ५ मा संशोधनः– मूल ऐनको दफा ५ को सट्टा देहाय बमोजिमको दफा ५ राखिएको छ :–

"५. उम्मेदवारको लागि दरखास्तपत्रः– (१) निर्वाचनमा उम्मेदवार हुन चाहने व्यक्तिले दफा ४ बमोजिम प्रकाशित सूचनामा तोकिएको म्यादभित्र आफैं उपस्थित भई वा अख्तियार प्राप्त वारिस पठाई निर्वाचन अधिकृतले तोकेको ढाँचामा निज समक्ष दरखास्तपत्र दिनुपर्छ ।

(२) उप-दफा (१) बमोजिम दरखास्तपत्र दिने उम्मेदवारले आफ्नो दरखास्तपत्रमा एकजना प्रस्तावक र एकजना समर्थकमा नबढाई २ जना मतदाताको सहीछाप गराएको हुनपर्छ । त्यस्तो प्रस्तावक वा समर्थक हुने मतदाता सम्बन्धित उम्मेदवारको जिल्लाका अञ्चल सभासद हुनुपर्छ ।

(३) कुनै निर्वाचनमा कुनै एक उम्मेदवारको प्रस्तावक वा समर्थक भई सकेको व्यक्ति फेरि सोही निर्वाचनमा सोही पदको लागि अर्को उम्मेदवारको प्रस्तावक वा समर्थक भएको दरखास्तपत्रलाई मान्यता दिइने छैन ।"

लालमोहर सदर मिति २०२५।१।२३।१

आज्ञाले–

चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको का. मु. सचिव।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर बिक्रम शाह देवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ–

२०२५ सालको अध्यादेश नं २ ( अंचल सभा ) ( सभापति तथा उपसभापति ) निर्वाचन अध्यादेश, २०२५ )

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणत्यादि बिविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परमनेपाल प्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

अञ्चल सभा (सभापति तथा उप-सभापति) निर्वाचन अध्यादेश

प्रस्तावनाः– अञ्चल सभाको सभापति तथा उप-सभापतिको निर्वाचनको सम्बन्धमा तत्काल व्यवस्था गर्न आवश्यक भएको, र

हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देवबाट नेपालको संविधानको धारा ५७ बमोजिम यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस अध्यादेशको नाम "अञ्चल सभा (सभापति तथा उप-सभापति) निर्वाचन अध्यादेश, २०२५" रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो अध्यादेश नेपाल अधिराज्य भर लागू हुनेछ ।

(३) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस अध्यादेशमाः–

(क) "निर्वाचन आयोग" भन्नाले नेपालको संविधान तथा तत्काल प्रचलित नेपाल कानून बमोजिम गठित निर्वाचन आयोग सम्झनु पर्छ ।

(ख) "अञ्चल सभा" भन्नाले अञ्चल सभा ऐन, २०२४ को दफा २ बमोजिम गठन भएको अञ्चल सभा सम्झनु पर्छ ।

(ग) "निर्वाचन" भन्नाले अञ्चल सभाको सभापति तथा उप-सभापति पदको लागि हुने निर्वाचन सम्झनु पर्छ ।

(घ) "मतदाता" भन्नाले सम्बन्धित अञ्चल सभाको सदस्य सम्झनु पर्छ ।

(ङ) "उम्मेदवार" भन्नाले अञ्चल सभाको सभापति वा उप-सभापति पदको लागि खडा हुने उम्मेदवार सम्झनु पर्छ ।

(च) "तोकिए बमोजिम" भन्नाले निर्वाचन आयोगले जारी गरेको आदेशमा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. निर्वाचन अधिकृतको नियुक्तिः– (१) प्रत्येक निर्वाचनको लागि निर्वाचन आयोगले निर्वाचन अधिकृत नियुक्त गर्नेछ । निर्वाचन आयोगले आवश्यक देखेमा निर्वाचन अधिकृतको अतिरिक्त रिटर्निङ्ग अधिकृत र पोलिङ्ग अधिकृत पनि नियुक्त गर्न सक्नेछ ।

(२) निर्वाचन आयोगले रिटर्निङ्ग अधिकृत र पोलिंग अधिकृत नियुक्त गरेकोमा बाहेक निर्वाचन आयोगले निर्देशन दिएमा उप-दफा (१) बमोजिम नियुक्त भएको निर्वाचन अधिकृतले आवश्यकतानुसार रिटर्निङ्ग अधिकृत र पोलिंग अधिकृत नियुक्त गर्न र अन्य कर्मचारीहरूलाई समेत निर्वाचनको काममा खटाउन सक्नेछ ।

(३) उप-दफा (१) वा (२) बमोजिम नियुक्त भएको रिटर्निङ्ग अधिकृत वा पोलिंग अधिकृतलाई निर्वाचन अधिकृतले अवस्था हेरी आफ्नो सबै वा केही अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

४. निर्वाचनको साधारण सूचनाः– निर्वाचन अधिकृतले निर्वाचनको मिति, स्थान, समय र दरखास्त दाखिल गर्नु पर्ने म्यादको निर्णय गर्नेछ र त्यसको सूचना मतदाताहरूको जानकारीको लागि प्रकाशित गर्नेछ ।

५. उम्मेदवारको लागि दरखास्तः– (१) निर्वाचनमा उम्मेदवार हुन चाहने मतदाताले दफा ४ बमोजिमको सूचनामा तोकिएको म्यादभित्र आफैं उपस्थित भई वा अख्तियार प्राप्त वारिस पठाई निर्वाचन अधिकृतले तोकेको ढाँचामा निजसमक्ष दरखास्त दिनुपर्छ । त्यस्तो दरखास्त प्राप्त भएपछि निर्वाचन अधिकृतले सो दरखास्त रीतपूर्वकको छ छैन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हेरी रीतपूर्वकको भए लिई दर्ता गर्नु पर्छ र रीत नपुगेकोमा सच्याउने मौका दिनु पर्छ। दरखास्तवालाले सच्याउन नचाहेमा सोही व्यहोरा दरखास्तमा जनाई राख्नु पर्छ ।

(२) उप-दफा (१) बमोजिम दरखास्त दिने उम्मेदवारले आफ्नो दरखास्तमा एकजना प्रस्तावक र एकजना समर्थकमा नबढाई दुइजना मतदाताको सहिछाप गराउनु पर्छ ।

(३) कुनै निर्वाचनमा कुनै एक उम्मेदवारको प्रस्तावक वा समर्थक भई सकेको व्यक्ति सोही निर्वाचनमा सोही पदको लागि खडा हुने अर्को उम्मेदवारको लागि प्रस्तावक वा समर्थक भएको दरखास्तपत्रलाई मान्यता दिइने छैन ।

६. एकभन्दा बढी पदको लागि उम्मेदवार हुन नपाउने:– कुनै मतदाता एउटै निर्वाचनमा एकभन्दा बढी पदको लागि उम्मेदवार हुन सक्ने छैन ।

७. दरखास्तको जाँच गर्ने:– दरखास्त दिने म्याद समाप्त भएपछि निर्वाचन अधिकृतले उम्मेदवार वा निजद्वारा अख्तियार प्राप्त वारिस उपस्थित हुने समय र स्थान तोकी निजको अगाडि दरखास्तको जाँच गर्नेछ ।

८. नाम फिर्ता लिने:– (१) उम्मेदवारले नाम फिर्ता लिन चाहेमा निर्वाचन अधिकृतले तोकेको म्यादभित्र लिखित सूचना दिई आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम नाम फिर्ता लिने सूचना दिई सकेपछि सो सूचना फेरि फिर्ता माग्न पाइने छैन ।

९. उम्मेदवारको नामावलीको प्रकाशन:– दफा ८ बमोजिमको नाम फिर्ता लिने म्याद समाप्त भएपछि निर्वाचन अधिकृतले उम्मेदवारहरूको नामावलीको सूची तयार गरी आफ्नो कार्यालयको सूचना पाटीमा टाँस्नेछ ।

१०. निर्विरोध छानिने:– उम्मेदवारको संख्या निर्वाचन गरिने स्थानको संख्याभन्दा बढी नभएमा निर्वाचन अधिकृतले निज वा निजहरू निर्विरोध छानिएको भनि तुरुन्तै घोषणा गर्नुपर्छ ।

११. मतपत्र:– निर्वाचन अधिकृतले प्रत्येक मतदातालाई तोकिए बमोजिमको मतपत्र दिनेछ ।

१२. मतपत्र बदर हुने अवस्था:– मतपत्र बदर हुने अवस्था तोकिए बमोजिम हुनेछ ।

१३. मतदान केन्द्रमा प्रवेश:– निर्वाचन अधिकृतले मतदान केन्द्रमा मतदाता बाहेक अरू व्यक्तिलाई प्रवेश गर्न नदिन सक्नेछ ।

१४. अशक्त मतदाता:– कुनै अशक्त मतदाताले आफैंले मतपत्र दिन नसक्ने भई आफ्नो पत्यारको कुनै व्यक्तिलाई साथै लैजान मांग गर्दा निर्वाचन अधिकृतले उचित ठहराएमा त्यस्तो व्यक्तिलाई मतदाताको साथमा मतदान केन्द्रमा प्रवेश गर्न दिन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. मतदान र निर्वाचनको तरिकाः– (१) मतदान गोप्य तरिकाले हुनेछ ।

(२) सदर भएको मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त नभै कुनै उम्मेदवार निर्वाचित हुन सक्ने छैन । तर कुनै उम्मेदवारले पनि पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने क्रमानुसार प्रथम र दोस्रोलाई मात्र उम्मेदवार कायम राखी अरूलाई उम्मेदवारको सूचीबाट हटाई पुनः मतदान हुनेछ ।

१६. संकट कालमा मतदान स्थगित गर्नेः– (१) कुनै मतदान केन्द्रमा हुल दंगा भई वा कुनै प्राकृतिक विपद वा अरू कुनै कारणले गर्दा मतदान कार्य हुन नसक्ने भएमा त्यस्तो मतदान केन्द्रमा निर्वाचन अधिकृत वा सो केन्द्रमा काम गर्न खटिएको अन्य कुनै अधिकृतले सो दिन मतदानको काम स्थगित गरी सो कुराको सूचना अरू कुनै अधिकृतले गरेको भए निर्वाचन अधिकृत मार्फत् र निर्वाचन अधिकृतले गरेको भए सोझै निर्वाचन आयोगमा तुरून्त दिनुपर्छ ।

(२) उप-दफा (१) बमोजिम स्थगित गरिएको केन्द्रको मतदान गर्ने मिति र समय निर्वाचन अधिकृतले सकभर चाँडो ठेगान गरी सो मिति र समयमा मतदान कार्य सम्पन्न गरी त्यसको सूचना निर्वाचन आयोगमा समेत दिनुपर्छ ।

१७. मतपेटीका बिगारिएमा वा हराएमा पुनः मतदान गर्नेः– (१) कुनै मतदान केन्द्रको निर्वाचनमा कुनै मतपेटीका लुटिएमा वा चोरिएमा वा कुनै गैरकानूनी तवरले खोलिएमा, बिगारिएमा, वा दुर्घटनावश वा जानी जानी नास गरिएमा वा हराएमा सो मतपेटीका जुन मतदान केन्द्रको हो सो केन्द्रको मतदान बदर हुनेछ र सो स्थानमा पुनः मतदान हुनेछ ।

(२) उप-दफा (१) अनुसार कुनै केन्द्रको मतदान बदर गर्नुपर्ने अवस्था परेकोमा निर्वाचन अधिकृतले सो बदर गरी निर्वाचन आयोगमा सो व्यहोराको प्रतिवेदन पेश गर्नुपर्छ । सो केन्द्रमा पुनः मतदान गर्ने मिति र समय सकभर चाँडो निर्वाचन अधिकृतले ठेगान गरी मतदान कार्य सम्पन्न गरी त्यसको सूचना निर्वाचन आयोगमा समेत दिनुपर्छ ।

१८. मतपत्र दिने अगावै गर्नुपर्ने विधिः– मतदान दिने स्थानभित्र पसेपछि निर्वाचन अधिकृतले मतदाताको आवश्यक जाँचबुझ गरी मतदाता सूचीमा चिह्न लगाई मतपत्र दिनुपर्छ ।

१९. मतपेटिका बन्द गर्नेः– (१) मतदान समाप्त भएपछि निर्वाचन अधिकृतले उम्मेदवार वा निजको वारिस उपस्थित भए निजको सामुन्ने मतपेटिकाको मतपत्र छिराउने प्वाल बन्द गर्नुपर्छ र बन्द गरेको प्वाल नफोडी खोल्न नहुने गरी आफ्नो र उम्मेदवार वा निजको वारिसले चाहेमा निजको पनि लाहाछाप लगाउनु पर्छ ।

(२) निर्वाचन अधिकृतले मतपत्र दिंदा प्रयोग गरेको मतदाताको नामावली, मतपेटिका बाहिर छाडिएका मतपत्रहरू तथा निर्वाचन सम्बन्धी अरू कागजात मुचुल्काहरू छुट्टा छुट्टै खाममा राखी आफ्नो र उम्मेदवार वा निजको वारिसले चाहेमा निजको पनि लाहाछाप लगाई बन्द गर्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. मत गन्ती:— (१) मतदान समाप्त भएपछि निर्वाचन अधिकृतले मत गन्ती गर्नुपर्छ ।

(२) मत गन्ती गर्ने ठाउँमा निर्वाचन अधिकृत, निजलाई मद्दत गर्न खटिएका कर्मचारीहरू र उम्मेदवार वा निजको एकजना वारिस बस्न पाउने छन् । सोदेखि बाहेक अरू व्यक्तिलाई बस्न दिन हुँदैन ।

(३) मत गन्ती गर्ने काममा बाधा दिने व्यक्तिलाई निर्वाचन अधिकृतको आदेशले मत गन्ती गर्ने ठाउँबाट हटाउन सकिने छ ।

२१. मतदानको फाँट तयार गर्ने:— मत गन्ती समाप्त भएपछि निर्वाचन अधिकृतले तोकिए बमोजिम मतदानको फाँटवारी तयार गर्नुपर्छ ।

२२. लगातार मत गन्ती गर्ने:— निर्वाचन अधिकृतले मत गन्ती गर्ने काम सकेसम्म लगातार जारी राखी सिध्याउनु पर्छ । कुनै कारणले मत गन्ती गर्ने काम बीचैमा रोक्नु परेमा निर्वाचन अधिकृतले मतपत्रहरू मतपेटिकाहरू र निर्वाचन सम्बन्धी अरू कागजात बन्द गरी आफ्नो र उम्मेदवार वा निजको वारिसले चाहेमा निजको समेत लाहाछाप लगाई हिफाजत साथ राख्नु पर्छ ।

२३. निर्वाचन सम्बन्धी कागजात:— (१) निर्वाचन सम्बन्धमा प्रयोग भएका कागजहरूमध्ये निर्वाचन अधिकृतको जिम्मामा रहेको सदर वा बदर भएका मतपत्रहरूको बन्दी खाम, मुचुल्काहरूको बन्दी खाम तथा मतपत्र दिंदा प्रयोग गरेको मतदाता नामावलीको बन्दी खाम निर्वाचन विशेष अदालतको आदेश विना खोल्न र सो भित्रको कागज कसैले हेर्न हुँदैन ।

(२) उप-दफा (१) मा लेखिएको कागजात बाहेक निर्वाचन सम्बन्धी अरू कागजातहरू कसैले हेर्न वा त्यसको नक्कल लिन चाहेमा तोकिए बमोजिमको दस्तूर तिरी हेर्न वा नक्कल लिन सकिनेछ ।

(३) उप-दफा (१) मा उल्लेखित कागजातहरू उजूरी परेकोमा अन्तिम टुङ्गो नलागेसम्म र उजूरी नपरेकोमा निर्वाचन भएका ३ महीनासम्म नसडाई सुरक्षित राख्नुपर्छ ।

२४. आदेश जारी गर्ने र निर्देशन दिने:— (१) निर्वाचनको कार्यविधिको सम्बन्धमा निर्वाचन आयोगले आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश नेपाल राजपत्रमा प्रकाशित गरिने छ ।

(२) निर्वाचन सञ्चालनको सम्बन्धमा निर्वाचन आयोगले निर्वाचन अधिकृत, रिटर्निङ्ग अधिकृत र पोलिंग अधिकृत तथा निर्वाचनको काममा खटिएका अन्य कर्मचारीहरूलाई समय-समयमा निर्देशनहरू दिन सक्नेछ र त्यस्तो निर्देशनहरू पालन गर्नु निजहरूको कर्तव्य हुनेछ ।

लालमोहर सदर मिति २०२५।१।२३।१

आज्ञाले—
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको का. मु. सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।